# एनआरएनभित्र पनि दुई वटा वर्ग देखिएको छ

डा. हेमराज शर्मा, संयोजक एनआरएन जापान

(एनआरएन भित्र पनि दुई वर्ग देखिएका छन, फ्रिनेपाल डट कम, २००७ फ्रेबुअरी १९ http://www.freenepal.com/newface/article.php?WTJGMFBXbHVkR1Z5ZG1sbGR5WnBaRDB4TURrPQ==")

जापान विकसित देशहरुको सूचीमा पर्दछ। त्यहाँ रहेका नेपालीहरु दक्षता र साधन स्रोतका हिसावले सम्पन्न मानिन्छन्। यसै सन्दर्भमा पछिललो समयमा गैरआवासीय नेपाल संघ (एनआरएन) को गतिविधिमा पनि जापानमा निकै बढेको छ। के छ त जापानमा गैरआवासीय नेपालीहरुको अवस्था ? देशमा हुन लागिरहेको संविधानसभाका बारेमा उनीहरु के सोचिरहेका छन् ? अब गैरआवासीय नेपाली संघलाई अघि बढाउने विषयमा के सोच्दै छन् जापानवासी एनआरएनहरु ? यसै विषयमा गैरआवासीय नेपाल संघ जापानका संयोजक डा. हेमराज शर्मासँग गरिएको कुराकानी यहाँ प्रस्तुत गरिएको छ।

**तपाई विज्ञानको विद्यार्थी कसरी एनआरएनजस्तो सामाजिक संस्थामा लाग्नुभयो ?**

विज्ञानको विद्यार्थी भए पनि सामाजिक क्षेत्रतिर लाग्ने भावना पहिलेदेखि नै थियो। त्यसका लागि उपयुक्त समय र परिस्थितिको प्रतिक्षामा थिएँ। विदेशमा रहेका नेपालीहरुले आर्जन गरेको ज्ञान, प्रविधि, सीप र पूँजीको लगानी गर्दै देशको आर्थिक र सामाजिक विकासमा टेवा पुऱ्याउने भावनाका साथ अगाडि बढेको संस्था एनआरएनमार्फत केही गर्न सकिन्छ कि भनेर यस संस्थामा लागेको हुँ।

**आफ्नो क्षेत्रभन्दा बाहिर काम गर्दा कस्तो अनुभव भएको छ ?**

विद्यार्थी जीवनमा विद्यार्थीसँग सम्बन्धित संघ/संस्थाहरुमा काम गरेकाले संस्थाहरुमा काम गर्ने अनुभव नयाँ होइन। तर, एनआरएन अन्य संगठनभन्दा भिन्न प्रकृतिको छ। यसमा निश्चित वर्ग विशेषका मानिसहरु मात्र नभएर विभिन्न वर्ग, विचार र पृष्ठभूमि भएका साथीहरुसँग काम गर्नुपर्ने भएकाले आफ्नो क्षेत्रभन्दा बाहिर प्रयोग हुने अभ्यास र अनुभव बाँड्न पाइने भएकाले काम गर्न रमाइलो नै लागेको छ। तर, भिन्न क्षेत्रका साथीहरुको कुनै मुद्दालाई हेर्ने दृष्टिकोण फरक-फरक हुने र विश्लेषणको गहिराई पनि फरक हुने भएकाले त्यसमा छलफल गरी सहमति आउन निकै कसरत गर्नुपर्ने हुँदा कहिले काहिँ पट्यारलाग्दो पनि हुन्छ।

जापान अहिले एनआरएनमय भएको छ भनिन्छ, यो एक प्रकारको लहर हो कि तपाईहरुको मेहनत हो ?
एक थरि साथीहरुले यो समयले ल्याएको लहर हो भन्छन्। तर, मेरो विचारमा लहर पनि आफै आउँदैन, लहर ल्याउन पनि सक्नुपर्छ। लहर आफै आउने हो भने एक लाख नेपालीहरु बस्ने उत्तर अमेरिका आउनु पर्दथ्यो। तर, अथक प्रयासका बावजुद त्यहाँ एनआरएन सक्रिय हुन सकेको छैन। एनआरएन जापान च्याप्टर पनि आज भन्दा तीन वर्ष पहिले स्थापना भएको हो। तर, त्यसको लहर किन अहिले नै भन्ने प्रश्नको जवाफ खोज्नु जरुरी छ जस्तो लाग्छ। जापान एनआरएनमय हुनुका पछाडी अहिलेको कार्यसमितिले लिएको समावेशी र पारदर्शी नीति र टिमवर्क नै जिम्मेवार छ जस्तो लाग्छ।

**समावेशी र पारदर्शी नीतिबारे प्रष्ट पारिदिनु हुन्छ कि ?**

हामीले अहिले हाम्रा उद्देश्यहरुलाई दुई भागमा बाँढेका छौ, तत्कालीन र दीर्घकालीन । तत्कालीन गर्नुपर्ने कामहरुमा एनआरएनबारे जनजागरण फैलाउने, संगठन विस्तार र विकास गर्ने छन्, जुन समावेशी नीतिसँग सम्बन्धित छ । भन्नुको मतलव हामीले जापानबासी सम्पूर्ण क्षेत्रका नेपालीहरुजस्तै विद्यार्थी, अनुसन्धानकर्ता, व्यवसायी साथएहरु, जो एक आर्थिक वर्षमा १ सय ८३ दिनभन्दा बढी दिन जापानमा रहँदै आउनुभएको छ, लाई एनआरएनमा सम्बद्ध भई काम गर्ने बराबरी मौका होस् भन्ने हेतुले काम गर्दै आएका छौ । जस्तै एनआरएनका गतिविधिहरु टोकियोमा मात्र केन्द्रीत नहोस् र जापानको होक्काइदोदेखि ओकोनावासम्म बस्ने नेपालीहरुले समान अवसर पाउन् भनेर जापानलाई दश क्षेत्रमा विभाजन गरी क्षेत्रीय समिति बनाउने निर्णय गरेका छौ । जसअनुसार टोकियो क्षेत्रपछि बढी संख्यामा नेपाली बसोबास गर्दै आएका ओसाका र नागोया क्षेत्रहरुमा क्षेत्रीय समिति स्थापना गरी सकिएको छ र अरु क्षेत्रहरुमा पनि विस्तारै गर्दै जाने प्रयासमा छौ । मूल कमिटिभन्दा बाहिर रहेका साथीहरुको ज्ञान र सीपलाई पनि सदुपयोग गर्न सकियोस् भनेर १० भन्दा बढी उपसमितिहरु गठन गरी मूल कमिटिबाहिरका साथीहरुलाई समावेश गरिएको छ।

त्यसैगरी एनआरएन के हो र के होइन, के गर्न सक्छ , के गर्न सक्दैन, के कार्यक्रमहरु कसरी गर्दैछ जस्ता कुराहरु हामीहरुले विभिन्न माध्यमबाट जापानबासी नेपालीहरुलाई पारदर्शी किसिमले लैजाने गरेका छौ । ब्रसियरको माध्यमबाट होस् या सेमिनार, विभिन्न क्षेत्रहरुमा गोष्ठी आयोजना गरेर होस् या मनोरञ्जनात्मक कार्यक्रम आयोजना गरेर होस् हाम्रा बारेमा पारदर्शी किसिमले जापानबासी नेपालीहरुबीच राख्दै आएका छौ । यही कारणले होला विगत ६/७ महिनामा हाम्रा सदस्यहरुको संख्या तीन गुणाले बढ्दै आएको छ । यस्तै अन्य थुप्रै कारणहरु पनि छन् जस्तो लाग्छ एनआरएनमय वातावरण बनाउन ।

**नेपालबाट आएका राजनीतिक नेताहरु, एनआरएन-आइसीसीको नेतृत्व वर्गलेसमेत एनआरएन जापान अन्य राष्ट्रमा भएका एनआरएनभन्दा पृथक छ भनेर प्रशंसा गरेको सुनियो, यसमा तपाईको आफ्नो मूल्याङ्कन के छ ?**

अन्य देशका साथीहरु पनि निकै सक्रिय हुनुहुन्छ । फेरि हरेक देशका एनआरएनको फोकस फरक-फरक हुन्छ र सोहीअनुसार कार्यक्रम लागू गर्नुपर्ने हुन्छ । प्रत्यक्ष लगानी गर्ने विषयमा हामीहरु अन्य देशका एनआरएनभन्दा पछाडी छौ । जस्तै जर्मनको एनआरएनले मनाङमा अस्पताल बनाउने जस्ता परियोजनाहरु हामीले घोषणा गरेका छैनौं । रसिया र जर्मनीमा जस्तो ठूला खालका व्यापारिक साथीहरु हामीकहाँ नभएकाले लगानी गर्ने सन्दर्भमा हामी प्रतिस्पर्धा गर्न सक्दै-सक्दैनौ । हामी अरु देशमा भएका एनआरएनहरुभन्दा पछाडि देखिनुपछाडि अरु पुग्नै कारणहरु हुन सक्छन् । पहिलो कुरा हामीले लागू गरेका कार्यक्रमहरु मौलिका खालका छन् । दोस्रो संगठनको गुणात्मक विकासमा हामी बढी गर्छौं । तेस्रो कुरा प्रवासी नेपालीहरुका हकहितमा आवाज उठाउन हामीहरु अगाडि छौ । अनुमति पाए भने यसलाई बुँदागत रुपमा पनि भन्न सक्छु ।

**हजुर संक्षेपका केही बुँदा बताइदिनुस् न ?**

मौलिका कार्यक्रमहरु एक दुई उदाहरण दिन चाहन्छु, पहिलो कुरा जापानमा रहेका संघ/संस्थाहरुसँगको सहकार्य । तपाईहरुलाई थाहा भएको कुरा हो एनआरएन स्थापना भएको जम्मा तीन वर्ष भयो । यसभन्दा पहिले जापानमा मात्र नभएर हरेक देशमा निकै पूराना र प्रभावशाली सामाजिक संस्थाहरु काम गर्दै आएका थिए । कतिपय संस्थाहरुले एनआरएनलाई सौताको रुपमा पनि हेर्ने गरेका छन् । कतिपयले एनआरएनको उपस्थितिमा हामी विलिन हुने हौ कि भन्ने भय पनि व्यक्त गरेका छन् । तर, हाम्रो प्रतिवद्धता के रहेको छ भने जापानमा रहेका तीन दर्जन भन्दा बढी संघ/संस्थाहरुको आ-आफ्नो महत्व भएकाले प्रतिद्वन्दी होइन कि हातेमालो गर्दै अगाडि

बढ्ने । यही प्रतिवद्धताअनुरुप हामीले २००७ सालको साझा क्यालेण्डर प्रकाशित गरेका छौ, जसमा यस वर्ष हुने हरेक संघ/संस्थाहरुका वार्षिक कार्यक्रमहरु समावेश छन् । जसले गर्दा अब कुनै कार्यक्रम गर्दा जस्तै दशैं कार्यक्रम भन्नुस् सबै संस्था मिलेर एकैचोटी मनाउन सकिने माग प्रसस्त भएको छ। सायद यस्तो खालको साझा क्यालेण्डर प्रकाशन गर्ने जापान नै पहिलो देश होला ।

अर्को मौलिक कार्यक्रममा एनआरएन र जापानबासी नेपाली व्यवसायीहरुबीचको सहकार्य हो । नेपालीले नेपालीकै व्यापार व्यवसायमा खरिद-उपभोग गर्न गराउन प्रेरित होस भन्ने मनसायले हामले जापानमा भएका नेपाली व्यवसायी साथीहरुलाई उहाँहरुको व्यवसायमा एनआरएनका सदस्यहरुलाई निश्चित छुट प्रदान गर्न अनुरोध गरेका छौ, जसमा करिब दुई दर्जन व्यवसायी साथीहरुले सहमति  जनाइसक्नु भएको छ। यसबाट व्यवसायी साथीहरु र एनआरएन  दुवैलाई फाइदा हुने मात्र नभई नेपालीहरुबीच भाइचाराको विकास हुनमा मद्दत मिल्न सक्छ ।

त्यसैगरी जापानबासी नेपालीहरुको हकहितमा मात्रै नभएर सबै प्रवासी नेपालीहरुको हितमा हुने मतदानको अधिकारको कुरा पहिलो पटक उठाउने एनआरएन जापान पनि हो । एक तिहाईभन्दा बढी मतदाताहरु देशबाहिर रहेकाले विदेशी भूमिमा पनि मतदानको व्यवस्था मिलाउनुपर्छ भनेर हामीले सुरुका दिनदेखि उठाउँदै आएका छौ । यस्तै संस्थामा सुधार ल्याउने थुप्रै सुझाव पनि हामीहरुलाई आइसीसीलाई पटक-पटक दिदै आएका छौ ।

**मतदानका विषयमा एनआरएनले सरकारसँग आवश्यक लविङ गर्न नसकेकाले प्रवासी नेपालीहरुले मतदानको अवसरबाट बाहिरिनु परेको भन्ने आरोप पनि छ नि ?**

हामीहरुलाई पनि धेँरै साथीहरुले यो कुरा भन्नु भएको छ। लण्डनमा आयोजना गरिएको आठ पार्टीका नेताहरुको अन्तरक्रिया कार्यक्रममा बीबीसी नेपाली सेवाको टिप्पणी स्पष्ट शब्दमा भनिएको थियो, एनआरएनले आफ्नो मुद्दा स्पष्टसँग राख्न सकेन । मलाई पनि कता-कता हामीले मतदान अधिकारमा राम्रोसँग लविङ गर्न सकेनौं कि जस्तो लग्छ । यसमा हामी नेपालीहरु नेताहरुको सतही आश्वासनमा बढी विश्वास गऱ्यौं कि जस्तो लाग्छ । तर, मेरो विचारमा महत्वपूर्ण कुरा के हो भने एनआरएनले समयमा नै यसको कुरा उठान गरेको हो र प्रवासी नेपालीलाई मतदानको अधिकारको विषय राष्ट्रिय बहस बनिसकेको थियो । त्यसमा पनि सरकार प्रवासी नेपालीहरुको बारेमा अनविज्ञ छैन । भारतलगायतका दक्षिण एसियाका देशहरुबाहेक ४६ राष्ट्रमा १४/१५ लाख  नेपाली र नेपाली मूलका नेपाली बसोबास गर्दै आउनु भएको छ। यस मध्य ११ लाख जति योग्य मतदाताहरु रहेको अनुमान छ । भारतमा करिब ५० लाख नेपाली रहेको अनुमान छ । त्यसैले करिब एक तिहाई मतदाताहरु विदेशमा बस्दै आएका छन् । यत्रो ठूलो संख्या मतदाताहरु बाहिर रहेकाले सरकार आफै अग्रसर भएर मतदानको व्यवस्था मिलाउनतिर लाग्नु पर्दथ्यो । तर, हामीले पटक-पटक घचघच्याउँदा पनि सरकारले सुनेजस्तो गऱ्यो तर कार्यन्वयनतिरध्यान नै दिएन ।

**लाखौ संख्यामा रहेका नेपालीहरुलाई छोटो समयमा मतदानको व्यवस्था मिलाउनु नेपालजस्तो साधन र स्रोतको कमी भएको देशलाई कसरी सम्भव हुन्छ जस्तो लाग्छ ?**

सम्भव छ कि छैन ठोकुवा गरी भन्न अध्ययन र अनुसन्धानको आवश्यकता पर्छ । तर, सरकारले कुनै अध्ययन र अनुसन्धानको आधारमा नभई हचुवाको भरमा मतदानको व्यवस्था गर्न प्राविधिक कठिनाई छ भनेको छ। हामीले भारतलाई छोडेर विदेशी भूमिमा मतदानको व्यवस्था मिलाउन सक्ने प्रसस्त सम्भावना देखेका छौ । हालै टोकियोमा सम्पन्न अन्तरक्रिया कार्यक्रममा हामीहरुले एक कार्यपत्रमार्फत मतदान व्यवस्थापन गर्न कस्ता

किसिमका प्राविधिक, आर्थिक र अन्य कठिनाई आउन सक्छन् र यसका लागि समाधानका उपाय के हुन सक्छन् भन्ने कुरा प्रष्ट पारिसकेका छौ । नेपालीहरु बस्ने देशहरुमा सूचना प्रविधिको राम्रो विकास भएको र हुलाक प्रणाली पनि भरपर्दो भएकाले यिनै प्रविधिलाई प्रयोगमा ल्याएर मतदाता नामावली संकलन गर्न सकिने भएकाले नेपालमा जस्तो घर-घरमा गएर नामावली संकलन गर्न हजारौको संख्याको जनपरिचालन गरिरहनु पर्दैन । नामावली संकलनलगायत अन्य कार्यका लागि सम्बन्धित देशमा रहेका नेपाली राजदूतावासको अगुवाईमा पार्टीका जनवर्गीय संगठन, सामाजिक, जातीय र वर्गीय संघ/संस्थाहरुलाई परिचालन गर्न सकिन्छ । करिब तीन दर्जन राष्ट्रमा सञ्जाल फैलाएको एनआरएनले यसका सहयोग गर्न तत्पर छ । त्यस्तै मतदान व्यवस्थापन गर्न लाग्ने खर्च जुटाउन पनि एनआरएनले पहल गर्न सक्छ । यसका लागि 'मतदान सहयोग कोष' स्थापना गरी स्वेच्छिक डोनेशनको आव्हान गर्न सकिन्छ । एनआरएनले यसभन्दा पहिले देवघाट वृद्धाश्रम र लेवनानमा युद्धको चपेटामा परेका नेपालीहरुको सहयोगका लागि लाखौ रुपैयाको कोष स्थापना गरेर अनुभव बटुलिसकेको छ। प्रत्येक प्रवासी मतदाताहरुबाट १०/२० डलरको सानो रकमको मतदान सहयोग शुल्क प्रदान गर्ने हो भने पनि लाखौ ठुलो धनराशी जम्मा हुन्छ ।

**तर, भारतमा भएका लाखौ नेपालीहरुको सम्बन्धमा नि ?**

हो, वास्तविक समस्या भनेको भारतमा रहेका नेपालीहरुको सम्बन्धमा नै हो । त्यहाँ बस्ने नेपालीहरुको अन्य मुलुकमा बस्ने नेपालीहरुको जस्तो परिचय खुल्न कागजात नहुने हुनाले वास्तविक मतदाता छुट्याउन गाह्रो छ । संख्याको हिसावले पनि बढी र सूचना प्रविधिको पहुँच नपुग्ने नेपालीहरु पनि बढी भएकाले मतदाता नामावली संकलन गर्न प्रायः असम्भव देखिन्छ । तर, भारत हरेक किसिमले भौगोलिक, कानुनी र आर्थिक हिसावले भारत-नेपाल आतेजाते गर्न त्याति कठिन नभएकाले राष्ट्रिय पार्टीहरु, सरकार, नागरिक समाज र संचार माध्यमहरुको पहलमा भारतमा बस्ने नेपालीहरुलाई स्वदेश फर्की मतदान गर्न हाव्हान गर्न 'मतदानका लागि स्वदेश र्फक अभियान' चलाउन सकिन्छ । आतेजातेका लागि आर्थिक सहयोग गर्न पनि तयार हुनुपर्छ ।

भारतमा बस्ने नेपालीलाई मतदानका लागि नेपाल जाउ भन्ने विकसित  मुलुकमा मतदानको व्यवस्था गर भन्दा भारतमा रहेका नेपालीहरुमाथि अन्याय हुँदैन ?

पक्कै पनि भारतमा बस्ने नेपालीहरुलाई पनि भारतमा नै मतदानको व्यवस्था होस् भन्ने चाहन्छौ तर व्यवहारिक पक्षलाई पनि हेर्नुपर्छ । मैले माथि भनेजस्तै भारत बाहेकका प्रवासी नेपालीहरुलाई मतदानका लागि स्वदेश फर्कन आर्थिक र कानुनी हिसावले त्यति सजिलो छैन । यो कुरा भारतमा बस्ने नेपालीहरुले पनि बुझिदिनुपर्छ ।

**प्रसंग बदलौं, एनआरएनका अहिलेसम्म गरेका उपलव्धीहरुलाई कसरी हेर्नु भएको छ?**

मेरो विचारमा तीन वर्षको छोटो समयमा एनआरएनले गरेका महत्वपूर्ण उपलव्धी भनेको एनआरएनको स्थापनाको औचित्वलाई प्रष्टाउन सफल भएको छ खासगरी काठमाडौमा सम्पन्न ग्लोबल कन्फरेन्स र विभिन्न देशमा भएका रिजनल कन्फरेन्सहरुमार्फत । यसबाहेक विदेशमा बस्ने नेपालीहरुलाई एकताको मालामा बाँध्न र नेपालीहरुको सञ्जाल संसारभर फैलाउन बाटो खोलिदिएको छ । स्वदेशमा पूँजी लगानी गर्न उत्प्रेरण गर्न केही हदसम्म सफल भएको छ। तर, उपलव्धीका साथमा विभिन्न अप्ठ्याराहरु, कमीकमजोरी र चुनौति पनि देखा परिसकेका छन् ।

**जस्तै ?**

यसका बारेमा लामो बहस गर्न सकिन्छ । तर तपाईलाई छोटकरीमा व्याख्या गर्न कोशिस गर्छु । वास्तवमा एनआरउनको जन्म एउटा निश्चित कन्सेप्टले भयो त्यो के भने विदेशमा भएका नेपालीहरु वा नेपाली मूलका विदेशी पूँजीलाई लगानी गर्दै देशको आर्थिक विकास गर्ने । तर पछि सरकारद्वारा एनआरएनको परिभाषा गरिँदा अलि भेग किसिमले आयो १८३ दिनभन्दा बढी दिन नेपाल बाहिर बस्ने नेपालीलाई एनआरउन भनेर । जसअनुसार पर्यटन र कुटनीतिक भिसामा आउने नेपालीबाहेक अन्य नेपालीहरु एनआरएनको परिभाषामा पर्दछन् । तर, सरकार र बाहिरी दृष्टिकोणमा एनआरएनलाई अझै पनि लगानीसँग मात्र जोडेर हेरिन्छ । एनआरएनभित्र पनि कोही व्यापारी वर्गले एनआरएनलाई आफ्नो वर्गीय संस्थाको रुपमा हेर्छन् । अन्य वर्गलाई सहर्ष स्वीकार्न र सम्मान गर्न तयार हुँदैनन् । यसले गर्दा एनआरएनभित्र दुई वर्ग -व्यापारिक र अन्य) र हरेक वर्गमा विभिन्न उपवर्गहरु देखा परेका छन् । सबै वर्ग-उपवर्गलाई समायोजन गरेर अगाडि बढ्न अहिले निकै कठिन भएको छ। अझै पनि ठूलो हिस्सामा प्राज्ञिक क्षेत्रलाई एनआरएनले आकर्षण गर्न सकेको छैन ।

विभिन्न विचार, पृष्ठभूमि, पेसा र अनुभव भएका १४ लाख नेपालीलाईसंगठित गर्न सांगठानिक संरचना पनि त्यतिकै बलियो चाहिन्छ। तर, दुर्भाग्यवस संस्था गुणत्मक विकासको चिन्तनतिर निकै कम ध्यान गएको पाइन्छ । त्यसैगरी आवश्यक गृहकार्य नगरी परियोजनाको घोषणा गर्ने, परियोजनाको प्राथमिकतामा ध्यान नदिने, काम गरेको आधारमा भन्दा चिनजानको भरमा भएका मानिसहरुलाई मौका दिने आदि थुप्रै कमजोरी छन् । हामीले यो सबै कुरालाई समेटेर अक्टोबरमा हुने ग्लोबल कन्फरेन्समा एक कार्यपत्र पेस गर्ने सोच बनाएका छौ ।

**एनआरएन र राजनीतिको सम्बन्धमा तपाईको धारणा के छ ?**

एनआरएनभित्र राजनीतिको विषयमा बेला-बेलामा विवाद आइरन्छ । मूलतः एनआरएन गैर राजनीतिक संस्था हो । एनआरएनभित्र पार्टी राजनीति हुनुहुँदैन भन्ने मान्यता रहँदै आएको छ र म यसको पक्षपाती हुँ । तर, यसलाई केही मानिसहरुले आफ्नै किसिमले परिभाषित गरी एनआरएन अराजनीतिक मानिसले चलाउनुपर्छ भन्ने मान्यता बोकेको पाइन्छ । कतै-कतै लोकतान्त्रिक मानिसहरुलाई अपहेलना गरेको पनि सुननमा आएको छ। यो अवधारणा पूरै गलत छ । किनभने हामीले १४ लाख एनआरएनलाई संगठित गर्ने लक्ष्य लिएका छौ भने राजनीतिक पार्टीमा आस्था राख्नेलाई बाहिर राखेर यो कसरी सम्भव छ ? बाहिर बस्ने नेपाली मध्य अधिकांश युवा वर्ग भएकाले कुनै न कुनै किसिमले राजनीतिक पार्टीमा आस्था राख्छन् । ९० को दशकमा भएको प्रजातन्त्रको उदयभन्दा पहिलेदेखि विदेशमा बस्ने केही मानिसबाहेक अधिकांश नेपालीहरु पार्टी राजनीतिमा समावेश भएका छन् । यसरी ठूलो हिस्सालाई बाहिर राखेर अगाडि बढ्ने हो भने एनआरएन निश्चित वर्गको क्लव जस्तो बन्ने छ न कि १४ लाख नेपालीको साझा संस्था ।

**अन्त्यमा केही भन्नु हुन्छ कि ?**

एनआरएनबारे मैले बुझेका कुरा पाठकसमक्ष पुऱ्याउने मौका दिनु भएकोमा धन्यवाद दिन चाहन्छु ।